पाठ ४

१. के परमेश्वरको मासु वा हाड वा रगत छ ?

- अहँ, छैन ।

२. यदि परमेश्वरको मासु वा हाड वा रगत छैन भने परमेश्वर के हुनुहुन्छ त ?

- परमेश्वर आत्मा हुनुहुन्छ ।

३. परमेश्वर कहाँ हुनुहुन्छ ?

- परमेश्वर सदाकालको लागि जहाँसुकै हुनुहुन्छ ।

४. परमेश्वरबाट लुकिछिपि हामी कहाँ जानसक्छौ ?

- हामी परमेश्वरबाट लुक्नछिप्न सक्दैनौं ।

५. परमेश्वर कति जना हुनुहुन्छ ?

- परमेश्वर केवल एकमात्र हुनुहुन्छ ।

६. तीन व्यक्तित्व को हुनुहुन्छ जो एक परमेश्वर हुनुहुन्छ ?

- पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर ।

- सबै स्वर्गदूतहरू कहाँबाट आएका हुन् ?

- सबै स्वर्गदूतहरूलाई परमेश्वरले आदिमा सृष्टि गर्नुभएको हो ।

- आदिभन्दा पहिले कुनै पनि स्वर्गदूतहरू थिएनन् ।

- स्वर्गदूतहरूभन्दा परमेश्वर किन महान् हुनुहुन्छ ?

- किनभने परमेश्वर स्वर्गदूतहरूभन्दा पहिलेदेखि नै हुनुहुन्थ्यो ।

- किनभने परमेश्वरले स्वर्गदूतहरूलाई सृष्टि गर्नुभयो ।

- किनभने परमेश्वरले स्वर्गदूतहरूलाई जीवन दिनुभयो ।

- किनभने परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ ।

- जब परमेश्वरले स्वर्गदूतहरूको सृष्टि गर्नुभयो के उहाँले तिनीहरूलाई मासु र रगत दिनुभयो ?
- अहँ, परमेश्वरले स्वर्गदूतहरूलाई आत्मा स्वरूपमा सृष्टि गर्नुभयो ।
- परमेश्वर आत्मा हुनुहुन्छ, अनि स्वर्गदूतहरू आत्मा हुन् तर परमेश्वर स्वर्गदूतहरूभन्दा महान् हुनुहुन्छ ।
- परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ ।
- तर स्वर्गदूतहरू सर्वशक्तिमान छैनन् ।
- परमेश्वर एक समयमा जहाँसुकै हुन सक्नुहुन्छ ।
- तर स्वर्गदूतहरू एक समयमा एक ठाउँमा मात्रै हुन सक्छन् ।
- यद्यपि परमेश्वरले स्वर्गदूतहरूलाई आत्मा स्वरूपमा बनाउनुभयो तर कहिलेकाहीं स्वर्गदूतहरूले तिनीहरूको बाहिरी स्वरूपलाई मानिसको जस्तो बनाउँछन् ।

- परमेश्वरले किन स्वर्गदूतहरूको सृष्टि गर्नुभयो ?

- के परमेश्वरलाई कुनै सहायता चाहिएको थियो ?

- अहँ, होइन । परमेश्वरको शक्ति कहिल्यै सकिँदैन र यो अनन्त छ ।

- परमेश्वरले किन स्वर्गदूतहरूको सृष्टि गर्नुभयो ?

- परमेश्वरले स्वर्गदूतहरूलाई उहाँलाई प्रेम गर्नको लागि सृष्टि गर्नुभयो ।

- परमेश्वरले स्वर्गदूतहरूलाई उहाँप्रति आज्ञाकारी हुनको लागि सृष्टि गर्नुभयो ।

- परमेश्वरले स्वर्गदूतहरूलाई उहाँको सेवा गर्नको लागि सृष्टि गर्नुभयो ।

- यदि एकजना मानिसले घर बनाउँछ भने त्यस घरको मालिक को हुन्छ ?

- घर बनाउने मानिस ।

- किन ?

- किनभने घर बनाउने मानिस त्यही हो ।

- यदि एकजना स्वास्नीमानिसले भाँडो बनाउँछे भने त्यस भाँडोको मालिक हो हुन्छ ?

- भाँडो बनाउने स्वास्नीमानिस ।

- किन ?

- किनभने भाँडो बनाउने स्वास्नीमानिस त्यही हो ।

- यदि परमेश्वरले स्वर्गदूतहरूको सृष्टि गर्नुभएको हो भने ती स्वर्गदूतहरूको मालिक को हुन्छ ?

- परमेश्वर ।

- किन ?

- किनभने स्वर्गदूतहरूको सृष्टि गर्नुहुने परमेश्वर हुनुहुन्छ ।
- किनभने परमेश्वरले स्वर्गदूतहरूको सृष्टि गर्नुभयो त्यसैले तिनीहरू परमेश्वरको अधीनमा छन् ।
- के परमेश्वरले असल र खराब स्वर्गदूतहरू सृष्टि गर्नुभएको हो ?
- परमेश्वरले सबै स्वर्गदूतहरूलाई केवल असल सृष्टि गर्नुभएको हो ।
- परमेश्वरले खराब स्वर्गदूतहरू सृष्टि गर्न सक्नुहुन्न ।
- परमेश्वरले कुनै पनि खराब कुरा सृष्टि गर्न सक्नुहुन्न ।
- परमेश्वरको सबै सोचाइ असल हुन्छ ।
- परमेश्वरको सबै भनाइ असल हुन्छ ।
- परमेश्वरको सबै गराइ असल हुन्छ ।

- परमेश्वरले कति जना स्वर्गदूतहरू सृष्टि गर्नुभएको थियो ?
- परमेश्वरले धेरै जना स्वर्गदूत सृष्टि गर्नुभयो र हामी ती सबैको गणना गर्न सक्दैनौं ।
- आदिमा ती सबै स्वर्गदूतहरू कहाँ बसोबास गर्थे ?
- स्वर्गमा परमेश्वरसँग ।
- स्वर्ग के हो ?
- स्वर्ग परमेश्वरको विशेष स्थान हो जहाँ उहाँ निवास गर्नुहुन्छ ।

- परमेश्वर स्वर्गमा हुनुहुन्छ तर परमेश्वर पृथ्वीमा पनि जहाँसुकै हुनुहुन्छ ।
- स्वर्ग कहाँ छ ?

- हामीलाई थाहा छैन तर स्वर्ग चन्द्र, सूर्य र ताराहरूभन्दा पछाडि छ ।
- परमेश्वरले एकजना स्वर्गदूतलाई धेरै बुद्धि र सुन्दरतासहित सृष्टि गर्नुभयो ।
- परमेश्वरले धेरै बुद्धि र सुन्दरतासहित सृष्टि गर्नुभएको त्यस स्वर्गदूतको नाम के थियो ?
- लुसिफर ।
- परमेश्वरले लुसिफरलाई असल वा खराब कस्तो सृष्टि गर्नुभएको थियो ?
- असल ।
- परमेश्वरले केवल असल स्वर्गदूतहरू मात्रै सृष्टि गर्न सक्नुहुन्छ ।
- परमेश्वरले खराब स्वर्गदूतहरू सृष्टि गर्न सक्नुहुन्न ।

- परमेश्वरले लुसिफरलाई धेरै बुद्धिसहित सृष्टि गर्नुभएको थियो तर परमेश्वरको बुद्धि कहिल्यै सकिदैन ।
- परमेश्वरले लुसिफरलाई धेरै सुन्दरतासहित सृष्टि गर्नुभएको थियो तर परमेश्वरको सुन्दरता कहिल्यै सकिदैन ।
- किनभने लुसिफरलाई परमेश्वरले सृष्टि गर्नुभएको हो, लुसिफर कसको अधीनमा थियो ?
- परमेश्वरको ।
- किनभने लुसिफरलाई परमेश्वरले सृष्टि गर्नुभएको हो, लुसिफर कोप्रति आज्ञाकारी हुनुपर्थ्यो ?
- परमेश्वरप्रति ।
- आदिमा लुसिफरलाई के भयो ?

- लुसिफरले उसको बुद्धि र सुन्दरता हेर्‍यो र घमण्डी बन्यो ।
- लुसिफर घमण्डी बन्यो र परमेश्वरको सिंहासनमा बस्न चाह्यो ।
- लुसिफर घमण्डी बन्यो र परमेश्वरको स्थान लिन खोज्यो ।
- लुसिफर घमण्डी बन्यो र परमेश्वर बन्न खोज्यो ।
- लुसिफर घमण्डी बन्यो र दुष्ट काम गर्ने पहिलो व्यक्ति बन्यो ।
- दुष्ट काम गर्ने पहिलो व्यक्ति को थियो ?
- लुसिफर ।
- दुष्ट्याँइ के हो ?
- परमेश्वरले नचाहेको कुरा दुष्ट्याँइ हो ।
- परमेश्वरले नचाहेको सबै कुरा दुष्ट्याँइ हो ।

- लुसिफरले उहाँलाई सिंहासनच्यूत गर्न चाहेको कुरा परमेश्वरलाई थाहा थियो ?
- हो, थाहा थियो ।
- परमेश्वरलाई लुसिफरको सबै दुष्ट विचार थाहा थियो ।
- के परमेश्वरले लुसिफरलाई उहाँलाई सिंहासनच्यूत हुन दिनुभयो त ?
- यहाँ एउटा उदाहरण छ :
- एक जना बुद्धिमान, शक्तिशाली मानिस उसको गाउँको मुखिया थियो ।
- एक दिन उसको मूर्ख, कमजोर छोराले उसलाई सिंहासनच्यूत गर्ने निधो गर्‍यो ।

- के बुद्‌धिमान, शक्तिशाली मुखियाले उसको मूर्ख, कमजोर छोराबाट आफूलाई सिंहासनच्यूत हुन दियो होला त ?
- अहँ, दिएन ।
- परमेश्वरभन्दा शक्तिशाली को छ ?
- कोही पनि छैन ।
- परमेश्वरभन्दा बुद्‌धिमान कोही छ ?
- कोही पनि छैन ।

- के परमेश्वरले लुसिफरबाट आफूलाई सिंहासनच्यूत हुन दिनुभयो ?

- अहँ, दिनुभएन ।

- किनभने लुसिफर पाप गर्ने पहिलो व्यक्ति थियो, परमेश्वरले लुसिफरको नाम फेर्नुभयो ।

- लुसिफरको नयाँ नाम के हो ?

- शैतान ।

- शैतानको नामको अर्थ के हो ?

- शैतानको नामको अर्थ शत्रु हो ।

- शैतान परमेश्वरको शत्रु हो ।

- शैतान सबै मानिसको शत्रु हो ।

- दुष्ट काम गरेकोमा परमेश्वरले शैतानलाई कसरी सजाय दिनुभयो ?

- परमेश्वर शैतानसँग धेरै रिसाउनुभयो र उसलाई स्वर्गबाट खसालिदिनुभयो ।

- जसले दुष्ट्याँइ गर्छ त्यसलाई परमेश्वरले आफूसँग बस्न दिनुहुन्न ।
- शैतानले परमेश्वरको विरुद्धमा विद्रोह गर्दा साथ दिने धेरै स्वर्गदूतहरू थिए ।
- किनभने शैतानलाई पछ्याउने स्वर्गदूतहरूले परमेश्वरको विरुद्धमा पाप गरे, त्यसैले उहाँले तिनीहरूको नाउँ फेर्नुभयो ।
- शैतानलाई पछ्याउने स्वार्गदूतहरूको नयाँ नाउँ के हो ?
- सहयोगी शैतानहरू ।
- सहयोगी शैतानहरू परमेश्वरका शत्रु हुन् ।
- सहयोगी शैतानहरू सबै मानिसहरूका शत्रु हुन् ।
- शैतानलाई पछ्याउने सहयोगी शैतानहरूलाई परमेश्वरले कसरी सजाय दिनुभयो ?

- परमेश्वर तिनीहरूसँग धेरै रिसाउनुभयो र तिनीहरूलाई स्वर्गबाट खसालिदिनुभयो ।
- जसले दुष्ट्याँइ गर्छ त्यसलाई परमेश्वरले आफूसँग बस्न दिनुहुन्न ।
- परमेश्वरले शैतान र उसका सहयोगी शैतानहरूलाई अरू कसरी सजाय दिनुभयो ?
- परमेश्वरले शैतान र उसका सहयोगी शैतानहरूलाई आत्मिक दण्डको निम्ति डरलाग्दो ठाउँ तयार पार्नुभयो ।
- आत्मिक दण्डको निम्ति बनेको त्यस डरलाग्दो ठाउँको नाउँ के हो ?
- आत्मिक आगोको दह ।
- एक दिन परमेश्वरले शैतान र उसका सहयोगी शैतानहरूलाई आत्मिक आगोको दहमा पठाउनुहुनेछ ।

- परमेश्वर सिद्ध हुनुहुन्छ र सबै दुष्ट्याँइहरूलाई घृणा गर्नुहुन्छ ।
- परमेश्वर सिद्ध हुनुहुन्छ र अनाज्ञाकारितालाई सधैं दण्डित गर्नुहुन्छ ।
- शैतान र उसका सहयोगीहरू अहिले कहाँ बस्छन् ?
- शैतान र उसका सहयोगीहरू अहिले पृथ्वीमा बस्छन् ।
- शैतान र उसका सहयोगीहरूले अहिले के गर्छन् ?
- तिनीहरू दिनरात लगाएर परमेश्वरको कामको विरुद्धमा लडाईं गर्छन् ।
- शैतान र उसका सहयोगीहरूले परमेश्वरलाई घृणा गर्छन् ।
- शैतान र उसका सहयोगीहरूले सबै मानिसहरूलाई घृणा गर्छन् ।